# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**विषय :- <u>समपूरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम छनौट गर्ने सम्बन्धमा ।</u>**

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७६।०९।२२**

१. **विषयको संक्षिप्त व्यहोरा :-** आर्थिक वर्ष २०७७।०७८ को लागि प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना राष्ट्रिय योजना आयोगबाट मिति २०७६।०९।०२ गतेको गोरखापत्र दैनिकमा प्रकाशन भई सकेको छ । सूचना अनुसार यही २०७६ पौष मसान्तभित्र समपूरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम छनौट गरी अनलाइन मार्फत राष्ट्रिय योजना आयोगमा पठाई सक्नुपर्नेछ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(दोस्रो संशोधन, २०७६ समेत) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७६ समेत) र मिति २०७६।०९।०२ गते राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना अनुसार समपूरक अनुदान तथा विशेष अनुदान प्राप्तिको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा ती आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन प्रतिवेदन (**Feasibility Study Report**), विस्तृत परियोजना प्रतिवेदन (**DPR**) वा विस्तृत इन्जिनियरिङ प्रतिवेदन (**DER**) तयार भएको हुनुपर्ने उल्लेख छ । साथै समपूरक अनुदानको हकमा नगरपालिकाको हकमा रु १ करोडदेखि रु १० करोडसम्मको लागत अनुमान भएका बढिमा तीन वटा आयोजना/कार्यक्रम र विशेष अनुदानको हकमा रु ५० लाखदेखि रु ५ करोड रुपैयाँसम्म लागत अनुमान भएका बढिमा तीन वटा आयोजनाहरु बढिमा तीन वर्षभित्र सम्पन्न हुने गरी नगरपालिकाको निर्णय सहित यही २०७६ पौष मसान्तभित्र प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-** समपूरक र विशेष अनुदानको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत इन्जिनियरिङ प्रतिवेदन (DER), संभाव्यता अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु नगर कार्यपालिकाबाट निर्णय गरी सूचना तथा उल्लेखित कार्यविधिमा उल्लेख भएका कागजातहरु सहित यहि २०७६ पौष

मसान्तभित्र राष्ट्रिय योजना आयोगमा अनलाइन मार्फत पठाई सक्नुपर्ने भएकोले यथाशिघ्र नगर कार्यापालिकाबाट उक्त निर्णय हुनुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा** :- राष्ट्रिय योजना आयोगको मिति २०७६।०९।०२ गतेको आर्थिक वर्ष २०७७।०७८ को लागि समपूरक र विशेष अनुदान बाँडफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना अनुसार सूचनामा उल्लेखित शर्त, मापदण्ड, संलग्न हुनुपर्ने कागजातहरु एवम् समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम देहायका आयोजना/कार्यक्रमहरु समपूरक र विशेष अनुदानको लागि सिफारिस सम्बन्धि प्रस्ताव स्वीकृत गर्न आठविसकोट नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले आठविसकोट नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

२०७६/०९/२८

प्र.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

### (क) समपूरक अनुदानको लागि छनौट भएका आयोजनाहरु

| क.स. | योजनाको नाम | योजना कार्यान्वयन हुने स्थान | कूल लागत अनुमान | कूल लागत अनुमानमध्ये | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकारको हिस्सा | प्रदेश सरकारको हिस्सा | नगरपालिकाको हिस्सा | निजि क्षेत्र वा साझेदार संस्थाको हिस्सा | | |
| (क) आठविसकोट नगरपालिका ग्रामिण सडक सुधार परियोजना | | | | | | | | | |
| १ | ग्रामिण सडक सुधार परियोजना (घट्टखेत-सुन्दरपानी-मैडाडाँ सडक, सुन्दरपानी-मैडाडाँ-भयाउने-धारीखोला सडक, कालाखोला-ठूलीवार्खु सडक, काफलचौरदेखि भयाउने १० नं. वडा कार्यालयसम्मको सडक, बाँकिज्यूउला-ज्यामिरकोट-टाकुरा सडक, दाजे-बच्चे सडक, मुलतार-होली-घर्तिकाँढा सडक, सिमवजार-रंगालगाउँ हुँदै गैरीपातल जाने सडक, चिसापानी-डाडाँफारुला-नौलाकोट सडक, रग्दा-खदी-पाटागाउँ सडक, राडिज्यूउला-बटालागाउँ-ठरचौर सडक, राडिज्यूउला-झारमारे-खदी-गोताम सडक निर्माण तथा स्तरोन्नति) | वडा नं. ४, ५, ६, ८, ९, १०, ११, १२ र १४ | १००,०००,०००।०० | ५०,०००,०००।०० | । | ५०,०००,०००।०० | ( | २५,५०७ | बहुवर्षिय योजना |



नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

| क.स. | योजनाको नाम | योजना कार्यान्वयन हुने स्थान | कूल लागत अनुमान | कूल लागत अनुमानमध्ये | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकारको हिस्सा | प्रदेश सरकारको हिस्सा | नगरपालिकाको हिस्सा | निजि क्षेत्र वा साझेदार संस्थाको हिस्सा | | |
| | | | | (ख) सहरी पूर्वाधार विकास कार्यक्रम | | | | | |
| २ | वसपार्क निर्माण | वडा नं. ९ राडिज्युला | २८,९१८,२६५।१६ | १४,४५९,१३२।५८ | ( | १४,४५९,१३२।५८ | ( | ३३,६२४ | बहुवर्षिय |

## (ख) विशेष अनुदानको लागि छनौट भएका आयोजनाहरु

| क.स. | योजनाको नाम | योजना कार्यान्वयन हुने स्थान | कूल लागत अनुमान | कूल लागत अनुमानमध्ये | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकारको हिस्सा | प्रदेश सरकारको हिस्सा | नगरपालिकाको हिस्सा | निजि क्षेत्र वा साझेदार संस्थाको हिस्सा | | |
| | (क) विद्यालय भौतिक संरचना सुधार परियोजना | | | | | | | | |
| १ | विद्यालय भौतिक संरचना सुधार परियोजना (शाईकुमारी आधारभूत विद्यालय रोकाजाखेत, नविन आधारभूत विद्यालय पहाडा, सरस्वति आधारभूत विद्यालय मिग्री, ज्ञानोदय माध्यमिक विद्यालय चौतारा, कालिका माध्यमिक विद्यालय सुन्दरपानी, जनता माध्यमिक विद्यालय झिनचौर, जनविकास माध्यमिक विद्यालय घारिखोला, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठूलीबार्खु, जनकल्यान माध्यमिक विद्यालय गोइरी, आदर्श माध्यमिक विद्यालय घेत्मा, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तासैनाको चार कोठे पक्की भवन निर्माण, तला थप, घेरावार) | वडा नं. १, २, ४, ५, ९, १०, ११, १२ र १४ | ५०,०००,०००।०० | ५०,०००,०००।०० | ( | ( | ( | २२,७६४ | \ |



नि. प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

| क्र.स. | योजनाको नाम | योजना कार्यान्वयन हुने स्थान | कूल लागत अनुमान | कूल लागत अनुमानमध्ये: संघीय सरकारको हिस्सा | प्रदेश सरकारको हिस्सा | नगरपालिकाको हिस्सा | निजि क्षेत्र वा साझेदार संस्थाको हिस्सा | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| (ख) जलउत्पन्न प्रकोप नियन्त्रणसँग सम्बन्धित परियोजना | | | | | | | | | |
| २ | गिजागाडखोला, ठूलीभेरी नदी, जलिगाड, खारखाराखोला, उसुमखोला तटबन्धन निर्माण | वडा नं. ६, ९ र ११ | ५०,०००,०००।०० | ५०,०००,०००।०० | । | ( | । | ९६५५ | |

नि.प्रमुख प्रशासकीय अधिकृत